**कृषि विकास बैंक लि. का प्रमुख कार्यकारी अधिकृत**
**लिला प्रकाश सिटौलाको**
**स्वागत मन्तव्य**

मिति : २०७४ माघ ७ गते

- कृषि विकास बैंक लि.को ५१ औं वार्षिकोत्सव समारोहका सभापति तथा सञ्चालक समितिका श्रीमान् अध्यक्षज्यू,
- प्रमुख अतिथि, माननीय अर्थमन्त्री श्री ज्ञानेन्द्र बहादुर कार्कीज्यू,
- विशिष्ट अतिथि नेपाल राष्ट्र बैंकका गभर्नर डा.चिरन्जीवी नेपालज्यू,
- अतिथिहरु,
  - अर्थ सचिवज्यू,
  - राजश्व सचिवज्यू एवं अर्थ मन्त्रालयका सह-सचिवज्यूहरु
  - बैङ्क सञ्चालक समितिका सदस्यज्यूहरु,
  - नेपाल धितोपत्र बोर्डका अध्यक्षज्यू,
  - वीमा समितिका अध्यक्षज्यू,
  - बैंकर्स एशोसियसनका अध्यक्षज्यू,
  - पूर्व गभर्नरज्यूहरु
  - यस कार्यक्रममा उपस्थित विभिन्न बैंक तथा वित्तीय संस्थाका अध्यक्ष र प्रमुखज्यूहरु,
  - यस बैंकका पूर्व अध्यक्ष एवं महाप्रबन्धक तथा प्रमुख कार्यकारी अधिकृतज्यूहरु, बैंकका उपमहाप्रबन्धक साथीहरु
  - हाम्रो निमन्त्रणालाई स्विकार गरी विभिन्न संघ संस्थाबाट पाल्नुभएका आदरणीय महानुभावहरु,
  - यस बैङ्कका पूर्व पदाधिकारीज्यूहरु एवं बैंकको सेवाबाट निवृत्त कर्मचारी साथीहरु,
  - युनियनका अध्यक्षज्यूहरु,
- पत्रकार एवं सञ्चारकर्मी महानुभावहरु, वैंकका आदरणीय शेयरधनीहरु, सेवाग्राहीहरु, कर्मचारी साथीहरु एवम सम्पूर्ण शुभेच्छुकहरु । अन्य उपस्थित महिला तथा सज्जनबृन्दहरु

कृषि विकास बैंक लि. ले आज ५१ औं वर्षमा प्रवेश गरी वार्षिक उत्सव मनाउँदै गरेको यस सुखद क्षणमा सर्वप्रथम यहाँ उपस्थित सम्पूर्ण आदरणीय महानुभावहरुमा कृषि विकास बैंक लि.परिवार तथा मेरो व्यक्तिगत तर्फबाट समेत हार्दिक स्वागत अभिवादन गर्दछु । देशको कृषि तथा ग्रामीण क्षेत्रको विकासका निमित्त वित्तीय सेवा उपलब्ध गराउने मूल उद्देश्यकासाथ २०२४ साल माघ ७ गते स्थापना भएको यो बैंक आज ५१ औं वर्षमा प्रवेश गरेको यस सुखद् अवसरमा बैंकका समस्त ग्राहकहरु, शेयरधनीहरु, नेपाल सरकार, नेपाल राष्ट्र बैंक र सम्पूर्ण शुभेच्छुकहरुको सहयोग र सद्भाव प्रति हार्दिक आभार एवं कृतज्ञता प्रकट गर्दै आगामी दिनमा समेत निरन्तर सहयोग प्राप्त भईरहनेछ भन्ने विश्वास लिएको छु । आजको यस पुनित दिनमा हामीले हासिल गरेको प्रगती र अनुभवलाई बैंकको हितमा अधिकतम पुँजीकृत गर्दै आगामी दिनमा अझ व्यापक एवं गुणस्तरयुक्त सेवा र सुविधा प्रवाह गर्न बैंक दृढताका साथ अघि बढ्ने प्रतिबद्धता यहाँहरु माझ व्यक्त गर्न चाहन्छु ।

सम्मानिय प्रधानमन्त्रीज्यू, माननीय अर्थमन्त्रीज्यू, लगायत आदरणीय व्यक्तित्वहरुबाट बैंकको ५१ औं वार्षिकोत्सवका लागि प्राप्त शुभकामनाका लागि हार्दिक कृतज्ञता ज्ञापन गर्दछु । साथै यस कार्यक्रममा रहेको यहाँहरु सबैको गरिमामय उपस्थितिका लागि समस्त बैंक परिवारको तर्फबाट हार्दिक आभार व्यक्त गर्दछु । यहाँहरुको उपस्थितिले हामीलाई हाम्रो उद्देश्य प्राप्तिको मार्गमा निरन्तर अघि बढ्न थप उत्साहित बनाएको छ ।

आज हामीले आफ्नो ५१ औं वार्षिकोत्सव मनाईरहँदा देशको आर्थिक, सामाजिक एवं वित्तीय क्षेत्रको विकासमा बैंकले पुऱ्याएको महत्वपूर्ण योगदानलाई स्मरण गर्नु पनि हामी आफ्नो कर्तव्य ठान्दछौं । यस बैंकले देशको गरिबी निवारण, ग्रामिण र कृषि क्षेत्रको विकास, दुर्गम विपन्न वर्गको साथै सम्पूर्ण क्षेत्र, वर्ग र भूगोलका उद्यमी, व्यापारी, व्यवसायी एवं

सर्वसाधारणहरुलाई बैंकिङ्ग सेवा सुविधाहरु उपलब्ध गराउने कार्य मात्र नगरी कर्जाग्राही, कृषकदेखि सर्वसाधारणसम्मलाई बैंकको स्वामित्व प्रदान गरी बैंकप्रतिको अपनत्व कायम गराउने र नेपाली माटोमा सुहाउने एक किसिमको समावेशी चरित्रको बैंकिङ्ग व्यवसायलाई समेत प्रवर्द्धन गरेको छ । साथै, नेपाल सरकारले बजेट मार्फत घोषणा गर्ने गरेका बैंकिंग क्षेत्रसँग सम्बन्धित कल्याणकारी कार्यक्रमको निर्बाध संचालन देखि सर्वसाधारणलाई आधुनिक बैंकिङ्ग सेवा सुविधाहरु उपलब्ध गराउँदै कुशल एवं सबल वित्तीय मध्यस्थताको भूमिका निर्वाह गरी उच्चतम नाफा आर्जन गर्ने एउटा अग्रणी बाणिज्य बैंकको रुपमा स्थापित हुन पुग्नु एवं शेयरधनीहरुलाई निरन्तर रुपमा प्रतिस्पर्धात्मक प्रतिफल दिन सक्नु यस बैंकको ५१ वर्षे यात्राका केही महत्वपूर्ण उपलब्धिहरु हुन भन्ने हामी ठान्दछौं ।

स्थापनाको ५१ औं वर्ष टेक्दै गर्दा यस बैंकले देशको अर्थतन्त्रलाई टेवा पुग्ने गरी सर्वसाधारणको सेवामा समर्पित रही कार्य गरिरहेको सबै सामु छर्लङ्ग छ । सवै क्षेत्रका सेवाग्राहीहरुलाई सेवा पुर्‍याउने क्रममा स्थापनाकालदेखि हालसम्म कुल रु.८ खर्व ६९ अर्व कर्जा प्रवाह गरिसकेको छ भने रु. ७ खर्व ७० अर्व कर्जा असुली भैसकेको र हाल करिव १ लाख ५१ हजार कर्जा ग्राहकहरुमा रु. ९५ अर्व २० करोड कर्जा लगानीमा रहिरहेको छ । त्यसै गरी १० लाख ९१ हजार निक्षेपकर्ताको रु.९६ अर्व ४८ करोड निक्षेप परिचालन गरी ग्राहकको चाहना, उपलब्ध पुँजी, प्रविधि र व्यवस्थापकीय कुशलताबाट अधिकतम लाभ हासिल गर्ने सन्दर्भमा बैंकले आफ्नो सेवा तथा कार्यशैलीलाई निखार्दै समयानुकूल सेवाको गुणस्तरमा प्रभावकारिता ल्याईरहेको तथ्य यहाँहरु माझ राख्न चाहन्छु ।

साथै, चालु आर्थिक बर्ष २०७४/७५ को अन्त्यसम्ममा व्यवसायको आकारमा वृद्धि गर्दै कर्जा तथा सापटमा ११ प्रतिशत वृद्धि गरी करिब रु.१ खर्व २ अर्व ९२ करोड पुर्‍याउने र निक्षेप संकलनमा १४ प्रतिशत वृद्धि गरी रु.१ खर्व १३ अर्ब ८६ करोड पुर्‍याई तोकिएको कर्जा/पुँजी निक्षेप अनुपात भित्र रहने गरी र बैंकको खुद नाफा वृद्धि गर्दै लग्ने योजना अनुसार बैंकका व्यवसायिक गतिविधिहरु अगाडी बढाईएको छ ।

आ.व. २०७३/०७४ मा बैंकले रु. २ अर्व २६ करोड सञ्चालन मुनाफा तथा रु. ४ अर्व २३ करोड खुद मुनाफा र कर पछिको खुद मुनाफा रु. २ अर्व ५७ करोड आर्जन गर्न सफल भएको छ । यस्तै गत बर्षको तुलनामा कर्जा ११.२६ प्रतिशत, साँवा असुली १३.४२ प्रतिशत, व्याज असुली १७.६६ प्रतिशत तथा निक्षेप संकलनमा १३.४८ प्रतिशतले वृद्धि भएको तथ्य यहाँहरु समक्ष प्रस्तुत गर्न चाहन्छु ।

अर्धसरकारी स्वामित्वको बैंक हुनुको नाताले बैंकले सरकारी कारोबार समेत शुरु गरेको छ । आगामी दिनमा सरकारी कारोबारलाई अझ फराकिलो बनाउँदै स्थानीय निकायमा बैंकिङ सुविधाको पहुँच अभिवृद्धि गर्न बैंक प्राथमिकताका साथ अघि बढिरहेको छ । देशमा उत्पन्न उर्जाको संकटलाई मध्येनजर गर्दै जलविद्युत क्षेत्रलाई उच्च प्राथमिकता दिई लगानी गर्न शुरु गरिएको छ । हालसम्म सहवित्तीयकरण अन्तर्गत १८० मेगावाट उत्पादन क्षमताका ७ वटा जलविद्युत उत्पादन परियोजनामा भण्डै रु.२ अर्व ३२ करोड एक्सपोजर लिमिट यस बैंकबाट स्विकृत भएको छ । हाल यस बैंकको कुल कर्जामध्ये कृषि कर्जाको अंश करिब ३३ प्रतिशत रहेको छ । युवाहरुको लागि ५ प्रतिशत ब्याज अनुदान सहितको व्यवसायिक कृषि कर्जामा चालु आ.व. को पहिलो त्रयमास सम्ममा करिब रु.१ अर्व ३७ करोड ५४ लाख कर्जा प्रवाह भईसकेको छ । यस आर्थिक बर्षमा रु.३ अर्व अनुदान सहितको व्यवसायिक कृषि कर्जा प्रवाह गर्ने लक्ष्य रहेको छ ।

बैंकबाट प्रवाहित कृषि कर्जाले कृषि व्यवसायमा व्यावसायीकरण, कृषि जन्य उद्योग स्थापना, वैकल्पिक उर्जा उत्पादन बढाउने, कृषि यान्त्रिकरण लगायत कृषि पेसालाई व्यावसायीकरण गर्दै उत्पादकत्व वृद्धि जस्ता कार्यक्रमका अतिरिक्त कृषि तथा ग्रामीण कर्जा विस्तारको लागि Value Chain Financing अन्तर्गत विशेष कर्जा कार्यक्रम संचालन गरिएको छ । बैंकले ग्राहकलाई लघुवित्त सेवा उपलब्ध गराउने क्रममा पशुबीमा र बाली बीमा कार्यहरुलाई सक्रियताका साथ अगाडी बढाएको छ भने कृषकहरु यसबाट प्रत्यक्ष रुपमा लाभान्वित भएका छन् । बैंकले दिर्घकालिन रणनितिक योजना लगायत बैकलाई आवश्यक सम्पूर्ण नीति, रणनीति, निर्देशिका तर्जुमा गरी कार्यान्वयन भई रहेका छन् ।

अहिले बैंकले आधुनिक बैंकिङ्ग प्रविधिको उच्चतम प्रयोगमा विशेष ध्यान केन्द्रित गरेको छ । बैंकको हाल संचालनमा रहेको अन्तराष्ट्रिय स्तरको CBS सम्पूर्ण कार्यालयहरुमा बिस्तार तथा यसको व्यापक प्रयोग गरी बिस्तारित एवं सघन बैंकिङ्ग सेवाको बिस्तारमा विशेष जोड दिएका छौं । बैंकले दीगो बैंकिङ्ग सेवाबाट उच्चतम नाफा आर्जन गर्दै गुणस्तरीय सेवा सुविधा प्रवाह गर्ने, शेयरधनीलाई प्रतिस्पर्धात्मक प्रतिफल प्रदान गर्ने, अन्तर्राष्ट्रिय अत्यूत्तम बैंकिङ्ग अभ्यासको अनुसरण गर्ने एवं नियमनकारी निकायको निर्देशनहरुको पूर्ण परिपालना गर्ने जस्ता विषयहरु बैंकका सबैभन्दा महत्वपूर्ण प्राथमिकतामा रहेका छन् । कृषि क्षेत्रको विकास र विस्तारका लागि वित्तीय समावेशिता एवं वित्तीय साक्षरतामा विशेष जोड दिंदै बैंकले सामाजिक अभिमुखीकरण सहितको बैंकिङ्ग प्रणालीलाई जोड दिने गरी आफ्नो योजना तथा कार्यक्रम कार्यान्वयन गरिरहेको छ ।

बैंकको आन्तरिक नियन्त्रण प्रणालीलाई थप सुदृढ एवं प्रभावकारी बनाईएको छ । समयमा आन्तरिक तथा बाह्य लेखापरीक्षण कार्य सम्पन्न गर्ने, ग्राहक गुनासोलाई प्राथमिकतामा राखी तिनको निदान गर्न, नियमनकारी निकायको निर्देशनको अनुपालनामा विशेष जोड दिने कार्यहरु सक्रियताकासाथ भईरहेका छन् । सूचना तथा प्रविधि लगायतसम्पूर्ण व्यवसायमा अन्तर्निहित हुने जोखिमलाई व्यवस्थापन गर्न बैंकले तत् सम्बन्धी पूर्वाधार एवं संयन्त्रलाई थप व्यवस्थित गर्ने कार्य गरिरहेको छ ।

बैंक अहिले देशको हिमाल, पहाड र तराई सबै भूभागहरुमा २५३ वटा कार्यालय संजाल मार्फत कुल जनसंख्याको उल्लेखनिय हिस्सासँग जोडिएको छ । आफ्नो गुणस्तरीय सेवा प्रवाहको माध्यमबाट सम्पूर्ण नेपालीसँग जोडिने गरी बैंकिङ्ग सेवा विस्तार गर्ने विषय हाम्रो प्राथमिकतामा रहेको छ । यसका लागि हामीले मोबाइल, IPS,VISA DEBIT CARD, Internet, ATM, ASBA सेवा जस्ता आधुनिक banking का Instruments को प्रयोगलाई तिव्रता दिइएको छ । वित्तीय साक्षरता र बजारीकरणका सम्पूर्ण विधि र साधनहरुलाई व्यापक प्रयोग र परिचालन गरी व्यवसायिक गतिविधिहरुलाई थप प्रभावकारी बनाईएको छ । साथै सामाजिक सेवा र अभिमुखीकरणको कार्यलाई बैंकले एक अभियानको रुपमा नै संचालन गरिरहेको विषय समेत यहाँ राख्न चाहन्छु ।

नेपाल राष्ट्र बैंकबाट जारी मौद्रिक नीतिले २०७४ आषाढसम्म वाणिज्य बैकहरुको चुक्ता पुंजी अनिवार्य रुपमा रु. ८ अर्ब पुऱ्याउनुपर्ने सम्बन्धी निर्देशनको पालनाका लागि बैंकले नयाँ पुंजी योजना स्विकृत गरी सफलतापूर्वक कार्यान्वयन गरिरहेको र हाल यो अन्तिम चरणमा रहेको छ । यसै सन्दर्भमा बैंकले गत वर्ष सम्पन्न दशौं वार्षिक साधारणसभाबाट स्विकृत गरेको २० प्रतिशत वोनस शेयर सर्वसाधारण शेयरधनीहरुलाई बितरण गरिसकेको छ भने आ.व. २०७३/७४ को वार्षिक साधारणसभा यही मिति २०७४ माघ २९ गते गर्नेगरी तयारी गरिरहेका छौं । उक्त वार्षिक साधारणसभामा पनि २० प्रतिशत वोनस शेयर बितरण गर्ने सम्बन्धमा स्वीकृती प्राप्त भईसकेकोले आगामी वार्षिक साधारणसभामा सो सम्बन्धी प्रस्ताव पारित भएपछि बैंकको पुंजी योजनाको सम्पूर्ण कार्य सम्पन्न हुनेछ ।

विगत समयमा साबिक स्थानबाट विस्थापित भएका ७५ वटा कार्यालयहरुमध्ये हालसम्म ७२ वटा कार्यालयहरु पुनर्स्थापना गरिसकिएको छ भने व्यवसायिक सम्भावना रहेका केही स्थानमा नयाँ कार्यालयहरु समेत स्थापना गरी ग्राहकहरुलाई आधुनिक बैंकिङ्ग सेवा उपलब्ध गराईएको छ । यसैगरी बैंकका विकास बैंकिङ्ग शाखाहरुलाई बाणिज्य बैंकिङ्ग कार्यालयमा रुपान्तरण गरी सर्वसाधारणलाई आधुनिक बैंकिङ्ग सुविधा उपलब्ध गराउने कार्यलाई निरन्तरता दिईएको छ ।
यसैगरी बैंकले वित्तीय साक्षरता, संस्थागत सामुदायिक उत्तरदायित्व कार्यक्रमहरु समेत निरन्तर रुपमा संचालन गरिरहेको छ ।

बैंकमा हाल २७७६ कर्मचारीहरु कार्यरत रहेका छन् । जनशक्ति व्यवस्थापनमा पछिल्लो समयमा बजारबाट योग्य र दक्ष जनशक्ति भित्र्याउनका लागि परम्परागत शैली र पद्धति भन्दा फरक ढंगबाट लोकसेवा आयोग समेतको संलग्नतामा पदपूर्ति सम्बन्धी कार्यलाई विश्वसनिय एवं पारदर्शी बनाई जनशक्ति विकास र योजनाका माध्यमबाट कर्मचारीको कार्यकुशलता र उत्पादकत्वमा अभिवृद्धि ल्याउने हाम्रो प्रयास जारी छ । यसका सुखद परिणामहरु समेत प्राप्त भईरहेका छन् । बैंकले तालिम, अध्ययन भ्रमण आदिको माध्यमबाट कर्मचारीहरुलाई समय सापेक्ष ज्ञान, सीप र क्षमता अभिवृद्धि गर्दै उत्पादकत्व वृद्धिका लागि जोड दिएको छ भने चालु आ.व.मा समेत बजारबाट योग्य र दक्ष जनशक्ति भित्र्याउनका लागि आवश्यक कार्यहरु अगाडि बढिरहेका छन् ।

**अन्त्यमा**

यस बैंकलाई प्रत्यक्ष एवं परोक्ष तवरले सहयोग पुऱ्याउनुहुने नेपाल सरकार अर्थ मन्त्रालय, नेपाल राष्ट्र बैंक, धितोपत्र बोर्ड, नेपाल स्टक एक्सचेन्ज लगायत विभिन्न निकायहरु, एशियाली विकास बैंक तथा अन्य दातृ निकायहरुप्रति पुनः आभार व्यक्त गर्न चाहन्छु । बैंकलाई सदैव विश्वास गर्ने सम्पूर्ण आदरणीय ग्राहक वर्ग, संचालक समिति तथा सहकर्मी कर्मचारी मित्र, बैंकमा क्रियाशिल युनियनहरुप्रति हार्दिक धन्यवाद ज्ञापन गर्दछु । यस बैंकको प्रगति एवं समृद्धिका लागि योगदान गर्नुहुने बैंकका पूर्व कर्मचारी तथा पदाधिकारीज्यूहरु प्रति हामी हार्दिक आभार व्यक्त गर्न चाहान्छौं । २० बर्ष र २५ वर्ष सेवा अवधि पूरा गरी आज पुरस्कृत हुने कर्मचारी साथीहरुलाई यस अवसरमा बधाई ज्ञापन गर्दछु । साथै, उहाँहरुको उत्तरोत्तर प्रगतिको कामना समेत गर्दछु । कुशल एवं प्रभावकारी बैंकिंग सेवा प्रवाहका माध्यमबाट उच्च गुणस्तरयुक्त सम्पत्तिको निरन्तर सृजना र त्यसबाट प्राप्त प्रतिफल बैंकका सबै हिस्सेदार समक्ष न्यायपूर्ण ढंगबाट वितरण गर्न सम्पूर्ण बैंक परिवारको तर्फबाट प्रतिवद्धता  व्यक्त गर्न चाहन्छु । पुनः सम्पूर्ण उपस्थित आदरणीय अतिथिज्यूहरुलाई हार्दिक स्वागत अभिवादन गर्दै मरो स्वागत मन्तव्य यहीं टुङग्याउँदछु ।

**धन्यवाद ।**